# मर्स्याङ्दी गाउँपालिका

**MARSYANGDI RURAL MUNICIPALITY**

भुलभुले (Bhulbhule)

लमजुङ (Lamjung)

४ नं. प्रदेश, नेपाल (4 No. Province, Nepal)

२०७३ (2073)

## सवारी साधन खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७५/०१/२८)**

यस गाउँपालिका कार्यालयको कार्यालय प्रयोजनको लागि जिप खरिद गर्नुपर्ने भएको हुदा नेपाल सरकारबाट सम्बन्धित कामका लागी इजाजत प्राप्त इच्छुक व्यवसायीहरु, अधिकृत बिक्रेता वा संस्था, कम्पनीबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फारम खरिद गर्न ईच्छुक व्यवसायीहरु वा कम्पनीले सम्बन्धित फर्मको लेटरप्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७४/०७५ को लागि नविकरण भएको फर्म वा कम्पनिको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र साथै आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि उत्पादकबाट प्राप्त आधिकारीक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने) यस कार्यालयको लेखा शाखामा बुझाई यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको लेखा शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिनको दिउसो १२:०० बजेभित्र यस कार्यालयको नाममा सम्बोधन गरि ठेक्का नं., बोलपत्रदाताको नाम ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरि यस कार्यालयको लेखा शाखामा दर्ता गराउन सकिने छ ।

३. बोलपत्र सम्बन्धि कागजात दाखिला गर्दा सूचना तथा बोलपत्र पुस्तिकामा उल्लेख भए बमोजिमका कुराहरु खोलेको प्रमाण बोलपत्रसाथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । उल्लेखित मुल्याङ्कनका आधारहरु पुरा नगर्ने बोलपत्र दाताहरुको बोलपत्र स्विकृत गरिने छैन ।

४. दर्ता भएको बोलपत्र सोही दिनको २:०० बजे बोलपत्र दर्ता गर्ने फर्महरुको सम्बन्धित व्यक्ति वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र दर्ता वा खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनको सोही अनुसारको समयमा दर्ता गर्ने र खोल्ने काम हुनेछ ।

५. बिल अफ क्वान्टीटीमा निर्दिष्ट भए अनुसार जम्मा कबुल रकम उल्लेख गरि सो रकममा मूल्य अभिवृद्धि कर समेत जोडी कुल जम्मा अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको रकमलाई मान्यता हुनेछ ।

६. शिलबन्दी बोलपत्र साथ जमानत बापत आफूले बोलपत्रमा कबुल गरेको रकमको कम्तिमा २.५ प्रतिशतले हुन आउने रकममा नघटाई यस गाउँपालिका कार्यालयको राजस्व शाखामा जम्मा गरेको नगदी रसिद वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको घटीमा बोलपत्र पेश गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको जमानीपत्र (Bid Bond) समावेश भएको हुनुपर्नेछ । अन्यथा बोलपत्र अयोग्य मानिनेछ ।

७. बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पुस्तिकामा संलग्न गरिएको स्पेसिफिकेशन तथा अन्य व्यहोरा प्रस्ट रुपमा पढिमात्र सहिछाप गरि पेश गनुपर्नेछ । शिलबन्दी बोलपत्र दाताको ग्राहयता (Eligibility) प्रमाणित गर्ने कागजातहरु शिलबन्दी बोलपत्रसाथ संलग्न हुनुपर्नेछ ।

८. रीत नपुगेको, म्याद नाघि प्राप्त भएको, केरमेट भई अंक अक्षर नबुझिने, बोलपत्र दाताको हस्ताक्षर नभएको वा शिलबन्दी नभएको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।

९. बोलपत्र स्विकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. अन्य कुराहरु स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ । अन्य जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

### तपसिल

| सि. नं. | ठेक्का नं. | सवारी साधन | संख्या | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र जमानत रकम |
|---|---|---|---|---|---|
| १ | ०२/२०७४/२०७५ | Four stroke, water cooled, Diesel Engine, 4 Wd, 7 Seater Vehicle Jeep(2500-2600) CC Engine Power, Maximum Power Output 62 HP @ 3200 RMP and maximum torque not less than 193 Nm@1500-1800 RPM | (एक) १ | ३,०००/- | कबुल रकमको २.५ प्रतिशतले हुने रकम |

प्रमुख प्रशासकीय अधिकृत

बद्रीनाथ सापकोटा

प्रमुख प्रशासकीय अधिकृत